सुदूरपश्चिम प्रदेश सरकार

# भौतिक पूर्वाधार विकास मन्त्रालय

धनगढी, कैलाली, नेपाल

प.सं. २०७९।०८०
च.नं. ४८३

मिति: २०७९/१२/२८

श्री सबै गाँउपालिका (खासस्व योजना तयार नगरेका)
श्री सबै नगरपालिका/ उप महानगरपालिका (खासस्व योजना तयार नगरेका)

विषय: खानेपानी सरसफाइ तथा स्वच्छता (खासस्व) योजना तयारीका लागि इच्छा पत्र माग गरिएको ।

उपरोक्त सम्बन्धमा हाल देशभरीका स्थानीय तहबाट निर्माण गरिने खानेपानी सरसफाइ तथा स्वच्छता (खासस्व) योजना तर्जुमामा एकरूपता ल्याउन तथा दिगो विकास लक्ष्य अन्तर्गत खानेपानी, सरसफाइ तथा स्वच्छता सूचक र खासस्व क्षेत्रगत विकास योजना (२०१६ देखि २०३०) सत प्रतिसत हासिल गर्न देशभरी NWASH mobile to app माध्यमबाट भू-सान्दर्भिक तथ्यांकहरूको प्रविधियुक्त नक्शांकन संकलन गरि खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको एकिकृत योजना तयार भैरहेको छ। सुदूरपश्चिम प्रदेशको हकमा यस मंत्रालयले यसै पत्राचार मार्फत खासस्व योजना तयार नगरेका इच्छुक गाँउपालिका, नगरपालिका तथा उपमहानगरपालिका बाट यस आ.व. २०७९/८० का लागि खासस्व योजना इच्छा पत्र (Letter of Interest) माग गरिएको छ। इच्छापत्रमा उल्लेखित विवरणको आधारमा पालिका छनौट गरी प्राथमिकतामा परेका पालिकाहरूले निम्न अनुसारको भूमिका निर्वाह गर्ने गरि सम्झौता अनुसार खासस्व योजना तर्जुमा गर्नुपर्नेछ ।

सम्बन्धित पालिकाको भूमिका

- वास युनिट गठन तथा दक्ष प्राविधिक जनशक्ति परिचालन मार्फत तथ्यांक संकलन।
- खासस्व योजना तर्जुमाका दौरान पालिका स्तरका तालिम, गोष्ठि तथा स्थलगत तथ्यांक संकलन कार्यका लागि बजेट विनियोजन ।
- खासस्व योजना परामर्शदाता छनौट तथा परिचालन खर्च ।
- NWASH App प्रयोग गरी पालिकाको खासस्व योजना निर्माण ।

भौतिक पूर्वाधार विकास मंत्रालयको भूमिका

- NWASH mobile to app based प्राविधिक तालिम तथा अन्य क्षमता विकासका तालिममा सहजिकरण।
- खासस्व योजनाको गुणस्तर अनुगमन तथा भेलिडेसन।
- खासस्व योजना तर्जुमाका लागि लागत सहभागिता।

इच्छा पत्र (Letter of Interest) मा निम्न लिखित सूचना तथा जानकारीहरू अनिवार्य समेट्नु पर्नेछ।

१. खासस्व योजना तर्जुमाका लागि पालिकाले यस आ.व. का लागि विनियोजन गरेको बजेट।

Scanned with CamScanner

सुदूरपश्चिम प्रदेश सरकार

# भौतिक पूर्वाधार विकास मन्त्रालय

धनगढी, कैलाली, नेपाल

प.स. २०७९।०८०

च.नं.

२. यस आर्थिक वर्षमा खासस्व योजना तर्जुमा सम्पन्न गर्ने प्रतिबद्धता ।

३. वास युनिट अन्तर्गत जनशक्ति विवरण (NWASH App सम्बन्धी तालिम लिएको भए खुलाउनुहोला)।

खासस्व योजना इच्छा पत्र २०७९ चैत्र मसान्त भित्र प्राप्त हुने गरि यस मंत्रालयको कार्यालय, धनगढी वा इमेल ठेगाना mopidp7@gmail.com मा पठाउनु होला। यस बारे थप जानकारीका लागि खानेपानी तथा सरसफाइ महाशाखा प्रमुख सि.डि.इ. श्री मोहन बहादुर कुवर (मो. ९८५८४८५२७४) लाइ सम्पर्क गर्न सकिने व्यहोरा अनुरोध छ ।

........................

(मोहन चन्द्र जोशी)

शाखा अधिकृत

शाखा अधिकृत

Scanned with CamScanner